# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, वैशाख ११ गते २०५५ साल (अतिरिक्ताङ्क ५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री मार्फत वन तथा भू-संरक्षण र आपूर्ति मन्त्री श्री खुमबहादुर खड्काले स्वास्थ्यको कारण दर्शाई आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट रिक्त हुन आएको वन तथा भू-संरक्षण र आपूर्ति मन्त्रालय-हरूको कार्यभार नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले सम्हाल्ने गरी तोकिबक्सेको छ ।

### सूचना २

माननीय सूचना तथा संचार मन्त्री श्री महन्थ ठाकुर बंगलादेशको राजधानी ढाकामा आयोजना हुने सार्क राष्ट्रका सूचना मन्त्रीहरूको बैठकमा भाग लिन २०५५ साल वैशाख ११ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको सूचना तथा संचार मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री आनन्दप्रसाद ढुंगानाले सम्हाल्नु हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

माननीय अर्थ मन्त्री डा. श्री रामशरण महत एशियाली विकास बैंकको ३१ औं वार्षिक बैठकमा भाग लिन २०५५ साल वैशाख १३ गते स्वीट्जरल्याण्डको जेनेभातर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कृषि मन्त्री श्री चक्रप्रसाद बास्तोलाले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार

४०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।